# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


## धानको उन्नत बीउ उपयोगमा ५० प्रतिशत अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/२३

कालिका नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सरकारबाट ससर्त हस्तान्तरित कार्यक्रम तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत पचास प्रतिशत (५०%) अनुदानमा धानको उन्नत बीउ वितरण हुने हुँदा इच्छुक कृषक/कृषक समूह/कृषि सहकारीहरुबाट तपसिलमा उल्लेख भएका धानको बीउको माग संकलनको लागि यो सूचना प्रकाशित गरिएको छ । धान बालीको खेती गर्न इच्छुक कृषकहरुले कृषक समूह वा कृषि सहकारी मार्फत सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८३/०१/०५ गते भित्र) तोकिएको ढाँचा अनुसार तपसिलका कागजातहरु संलग्न राखी निवेदन पेस गर्नुहुन अनुरोध छ । कृषक समूह/कृषि सहकारीमा सदस्य नरहेका कृषकले नजिकैको कुनै पनि कृषि सहकारी मार्फत निवेदन दिन सकिने व्यहोरा समेत अनुरोध छ ।

| धानको प्रकृति | उपलब्ध हुने धानका जातहरु | उन्नत बीउको मूल्य (रु. प्रति के.जी.) | कैफियत |
|---|---|---|---|
| मोटो/मध्यम | सावित्री, बहुगुणी-१, सुख्खा धान-१, सुख्खा धान-६, हर्दिनाथ-३, स्वर्ण सब-१, राधा-४, गंगासागर-१, गंगासागर-२ | ६९ | उल्लेख भएको मूल्यमा बीउ विजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम ढुवानी भाडा समेत जोडी कायम हुने मूल्यको ५०% मूल्य अनुदान उपलब्ध हुने । ढुवानी सहितको धानको मूल्य पछि निर्धारण गरिने छ। |
| मसिनो | सावाँ मन्सुली सब-१, हर्दिनाथ-१, हर्दिनाथ सावा मन्सुली, रामधान, हर्दिनाथ-६ | ७२ | |

तपसिल:

कृषकले संलग्न गर्नुपर्ने कागजातहरुः
१) कार्यालयबाट उपलब्ध गराएको ढाचाँमा निवेदन ।
२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३) धान लगाईने जमिनको लालपुर्जा ।

समूह/सहकारीले संलग्न गर्नुपर्ने कागजातहरुः
१) कार्यालयबाट उपलब्ध गराएको ढाचाँमा निवेदन ।
२) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३) संस्थाको निर्णयको प्रतिलिपि ।
४) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि ।
५) गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
६) वडा कार्यालयको सिफारिस पत्र ।
७) कृषकले पेस गरेका कागजातहरु (नागरिकता, लालपुर्जा, निवेदन) ।

२०८२/१२/२३
देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी सूचना!!!

मितिः २०८२/१२/२३

कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/८३ लागि संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत **पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिने भएको हुँदा इच्छुक युवा कृषकहरुबाट दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८३/०१/१४) निम्नानुसारका कागजातहरू संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको।

| क.स | कार्यक्रमको नाम | संचालन हुने मुख्य क्रियाकलाप | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|
| १ | पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम | - व्यावसायिक योजना निर्माण सम्बन्धी तालिम<br>- सिकाई भ्रमण<br>- ५०% अनुदानमा पारिवारिक खेती नमुना फर्म स्थापना | युवा कृषक | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ "अनुसार सञ्चालन गरिने |

आवश्यक कागजातहरु:

१. आवेदन फारम (कार्यालयबाट उपलब्ध गराइने)
२. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. खेती गरिने जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (करारमा लिएको जमिन भए करारनामाको प्रतिलिपि- कम्तिमा ५ वर्षको करार हुनुपर्ने)- ऐलानी जमिन भएमा भोगचलन पत्र वा निस्साको प्रतिलिपि
४. चालु आ.व. को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र

सम्पर्कः कृषि विकास शाखा वा ९८४५४१९३३१

२०८२/१२/२३

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


## माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन सम्बन्धी सूचना !!!

दोस्रो पटक प्रकाशीत मितिः २०८२/१२/२३

कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/८३ लागि संघीय सरकारबाट सशर्त हस्तान्तरित कार्यक्रम तर्फ माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप सञ्चालन गर्न लागिएको हुँदा कालिका नगरपालिका भित्रका इच्छुक लक्षित वर्गहरुले देहाय बमोजिमका कागजातहरू संलग्न गरी सूचना प्रकाशन भएको १४ दिन भित्र कार्यक्रम माग निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | क्रियाकलाप | एकाइ | लक्ष्य | बजेट | अनुदान % | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि ५०% अनुदानमा कृषि चुन वितरण | एकमुष्ठ | १ | २५०००० | ५० | कृषक/कृषि फर्म/ कृषि कम्पनि कृषक/ समूह/ कृषि सहकारी | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी,२०८२ बमोजिम सञ्चालन गरिने। |
| २ | गड्यौला मल उत्पादनका लागि ५०% अनुदानमा संरचना निर्माण | सङ्ख्या | २ | ३००००० | ५० | कृषि फर्म/ कृषि कम्पनी कृषक/ समूह/ कृषि सहकारी | |

आवश्यक कागजातहरुः

१. कार्यालयबाट तोकिएको ढाँचामा आवेदन
२. आवेदकको नागरिकता प्रमाणपत्र प्रतिलिपि
३. माटो परीक्षणका लागि माटोको नमुना (हालसालै माटो परीक्षण भएको हकमा माटो परीक्षण प्रतिवेदनको प्रतिलिपि)
४. माटो जाँच गर्ने जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (करारमा लिएको जमिन भए करारनामाको प्रतिलिपि)- ऐलानी जमिन भएमा भोगचलन पत्र वा निस्साको प्रतिलिपि
५. संस्थाको हकमा दर्ता, नवीकरण, स्थायी लेखा नम्बर र अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. संस्थागत निर्णय (समूह र सहकारीलाई मात्रै)।

सम्पर्कः

कृषि विकास शाखा वा ९८६०९४३०६९

२०८२/१२/२२

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गरिदिनु हुन।
श्री वडा कार्यालय (१ देखि ११ सवै): कार्यालयमा सूचना टाँस गरी सूचना प्रवाह गराइदिनु हुन।